प्रति साधारण शेयर रु.१००/- अंकित
दरको २,०७,४०,८८६.७५ कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.

CIVIL BANK

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था
कमलादी, काठमाडौं, नेपाल, पो.व.नं.९७९९ (काठमाण्डौ), फोन नं. ९७७-१-४१६९०३०/४१६९०३३
Email: info@civilbank.com.np, URL: www.civilbank.com

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	:	**२०७४/०८/२२ गते**
निष्काशन बन्द हुने मिति	:	**२०७४/०९/२७ गते (बैंकिङ्ग समय पश्चात्)**

१० कित्ता साधारण शेयर बराबर नयाँ ४ कित्ता साधारण शेयरको
हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

बैंकको हाल कायम चुक्ता पूँजी रु. ५,१८,५२,२१,६८७/- को दश शेयर बराबर नयाँ चार शेयर (१० : ४) को अनुपातमा रु.१००/- अंकित दरका २,०७,४०,८८६.७५ कित्ता हकप्रद साधारण शेयर मिति २०७४/०८/०५ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : सिभिल बैंक लिमिटेड (Civil Bank Limited)।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३१, कमलादी, काठमाडौंमा रहेको छ।

३. कारोवार स्थान :

यस बैंकको कारोवार स्थान काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्ना शाखा, उपशाखा, एक्स्टेन्सन काउण्टर, आउटलेट, सम्पर्क कार्यालय नेपाल राज्यभित्र वा विदेशका विभिन्न स्थानमा समेत आफ्नो कारोवार गर्न सक्नेछ। यस बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार नेपाल भित्र देहायका स्थानहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ।

क्र.सं.	शाखा कार्यालयहरु	क्र.सं.	शाखा कार्यालयहरु	क्र.सं.	शाखा कार्यालयहरु
१	कमलादी, काठमाण्डौ	१९	विराटनगर, मोरङ्ग	३७	बाह्रविसे, सिन्धुपाल्चोक
२	न्यूरोड, काठमाण्डौ	२०	पोखरा, कास्की	३८	धादिङ्ग बेसी, धादिङ्ग
३	बानेश्वर, काठमाण्डौ	२१	फिदिम, पाँचथर	३९	मेलम्ची, सिन्धुपाल्चोक
४	बानेश्वर-२,काठमाण्डौ	२२	विजुवार, प्यूठान	४०	आरुघाट, गोरखा
५	पाटन, ललितपुर	२३	गाईघाट,उदयपुर	४१	इटहरी, सुनसरी
६	अनामनगर, काठमाण्डौ	२४	सल्यान	४२	इटहरी-२, सुनसरी
७	बौद्ध, काठमाण्डौ	२५	धुलिखेल, काभ्रे	४३	टाँडी, चितवन
८	गोङ्गबु, काठमाण्डौ	२६	घोराही, दाङ	४४	खुरखुरे, चितवन
९	किर्तिपुर, काठमाण्डौ	२७	लेखनाथ, कास्की	४५	पार्वतीपुर, चितवन
१०	कुलेश्वर, काठमाण्डौ	२८	भैरहवा, रुपन्देही	४६	सिन्धुली
११	स्वयम्भु, काठमाण्डौ	२९	नेपालगन्ज, बाँके	४७	रुकुम
१२	कपन, काठमाण्डौ	३०	नारायणघाट, चितवन	४८	ओखलढुङ्गा
१३	जावलाखेल, ललितपुर	३१	नारायणघाट-२, चितवन	४९	जनकपुर, धनुषा
१४	चावहिल, काठमाण्डौ	३२	हेटौडा, मकवानपुर	५०	धनगढी, कैलाली
१५	कालीमाटी, काठमाण्डौ	३३	बुटवल, रुपन्देही	५१	तुलसीपुर, दाङ
१६	सुर्यविनायक, भक्तपुर	३४	बुटवल-२, रुपन्देही	५२	न्यूप्लाजा पुतलीसडक, काठमाण्डौ
१७	कुमारीपाटी, ललितपुर	३५	विर्तामोड, झापा	५३	त्रिपुरेश्वर, काठमाण्डौ
१८	विरगन्ज, पर्सा	३६	बनेपा, काभ्रे		

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

कम्पनीको संक्षिप्त परिचय : कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६७/०४/१९ गते संस्थापित यस बैंकले मिति २०६७/०८/०३ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्ने इजाजत प्राप्त गरी मिति २०६७ /०८/१० गते देखि नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ। बैंकका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ। यस बैंकमा ५१% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको रहेको छ भने बाँकी ४९% शेयर सर्वसाधारण शेयरधनीहरुको रहेको छ।

उद्देश्यहरुः बैंकको प्रबन्धपत्रको दफा ४ र ५ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेकोछ :

१. बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
२. कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,
३. उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवद्धन गर्ने र त्यस कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
४. बैकिङ्ग तथा वित्तिय सेवामा जोखिम कम गर्दै बैकिङ्ग तथा वित्तिय क्षेत्रको उदारिकरणमा मद्धत पुऱ्याउन,
५. देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी : यस बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (अक्षेरुपी दश अर्ब) रहेकोछ। जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १०,००,००,००० (दश करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ।
ख) जारी पूँजी : यस बैंकको जारी पूँजी रु.७,२५,९३,१०,३६२/- (अक्षेरुपी सात अर्ब पचिस करोड त्रियानब्बे लाख दस हजार तिन सय बैसठ्ठी) रहेकोछ। जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ७,२५,९३,१०३.६२ कित्ता (सात करोड पच्चिस लाख त्रियानब्बे हजार एक सय तीन दशमलब ६२ कित्ता) साधारण शेयरमा विभाजन गरिएकोछ।
ग) चुक्ता पूँजी : हाल यस बैंकको चुक्ता पूँजी रु.५,१८,५२,२१,६८७/- (अक्षेरुपी पाँच अर्ब अठार करोड बाउन्न लाख एक्काइस हजार छ सय सतासी) रहेकोछ जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा कित्ता ५,१८,५२,२१,६.८७ (पाँच करोड अठार लाख बाउन्न हजार दुई सय सोह्र दशमलव सतासी) कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ। यस विवरण पत्र मार्फत हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात बैंकको चुक्ता पूँजी रु.७,२५,९३,१०,३६२/- (अक्षेरुपी सात अर्ब पचिस करोड त्रियानब्बे लाख दस हजार तिन सय बैसठ्ठी) रहनेछ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३,७०,२२,४८२/८५	५१%	३,७०,२२,४८,२८५/००	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	३,५५,७०,६२०/७७	४९%	३,५५,७०,६२,०७७/००	शतप्रतिशत
	जम्मा	७,२५,९३,१०३/६२	१००%	७,२५,९३,१०,३६२/००	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम	पद	योग्यता	ठेगाना	अनुभव	समूह
१.	श्री अम्बीर बोगटी	अध्यक्ष	स्नातक	तारकेशवर न.पा.वडा नं. ७, फुटुङ्ग, काठमाडौं	• २५ वर्षको दाना उत्पादन व्यवसायको कार्य अनुभव। • प्रोप्राइटर - अमृत फिड ईन्डष्ट्रिज। • अध्यक्ष - युका नेपाल ईन्भेष्टमेन्ट प्रा.लि.। • अध्यक्ष - अमृत मल्टिपल ट्रेडिङ्ग कम्पनी प्रा.लि.	क
२	श्री प्रकाश तायल संचालक		बी.ए. (स्नातक), अर्थशास्त्र	भद्रपुर, झापा	• २०४२ साल देखि हालसम्म प्रोप्राईटर प्रकाश कन्सर्न। • प्रोप्राईटर - गंगा रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रिज। • अध्यक्ष - ए वान टेक नेपाल प्रा.लि.।	क
३	श्री सृजना शाक्य (तामाङ्ग)	संचालक	बी.बी.ए.(स्नातक), व्यापार प्रशाशन	ट्याङ्गलाफाँट, किर्तिपुर	• प्रोजेक्ट इन्चार्ज सिभिल होम्स प्रा.लि.	क
४	श्री घनेन्द्र बहादुर श्रेष्ठ	संचालक	एलएलएम (स्नातकोत्तर), कानुन	सितापाईला, काठमाण्डौ	• कानून व्यवसायी, नेपाल पर्यटन वोर्डको संचालक	ख
५.	श्री संगम के.सी.	संचालक	एम.बि.ए. (स्नातकोत्तर)	डिल्लीबजार, काठमाण्डौ	• अध्यक्ष - हिम श्री फुड प्रा.लि.। • कार्यकारी निर्देशक - ओडाट फुड एण्ड बेभरेज प्रा.लि.। • कार्यकारी निर्देशक - ओडाट ट्रेड प्रा.लि.। • कार्यकारी अध्यक्ष - मर्गो ट्रेडर्स प्रा.लि.।	ख
६.	प्रा.डा. रमेश दाहाल	स्वतन्त्र, संचालक	पी.एच.डी.	बिराटनगर-१६ मोरङ्ग	• हालः कार्यकारी अनुसन्धान निर्देशक, अनुसन्धान केन्द्र, पुर्वाञ्चल विश्वविद्यालय, प्राध्यापक, अर्थशास्त्र, त्रि.वि.।	स्वतन्त्र, संचालक

बैंकको प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिवको विवरण :

प्रमुख कार्यकारी अधिकृतको नाम : श्री गोविन्द गुरुङ्ग
ठेगाना : सुनाकोठी, ललितपुर।
योग्यता : एम.बि.ए. (स्नातकोत्तर)
अनुभव : हिमालयन बैंक लिमिटेड-१० वर्ष, ग्लोबल बैंक लिमिटेड-३ वर्ष, मेगा बैंक लिमिटेड-३ वर्ष

कम्पनी सचिवको नाम : श्री हिरा काजी बस्नेत
ठेगाना : कागेश्वरी मनहरा न.पा. वडा नं. ९
योग्यता : एम.बि.एस., एल.एल.बि.
अनुभव : बैंक तथा वित्तीय संस्थाको १० वर्षको कार्य अनुभव।

८. संचालक समितिको बनौट :

यस बैंकको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुने व्यवस्था भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लागु भएपछि उक्त ऐनको दफा १४ अनुसार संचालकको संख्या कम्तीमा ५ जना र बढीमा ७ जना हुनु पर्ने प्राबधान बमोजिम निम्नानुसार संचालक समितिको गठन गरिएको।

'क' समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	३ (तीन) जना
'ख' समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	३ (तीन) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक	१ (एक) जना
जम्मा	७ (सात) जना

समूह "क" अन्तर्गतका शेयरधनीहरुबाट निर्वाचित/मनोनयन हुने संचालकहरुको लागि सोही समूहका शेयरधनीहरुले मात्र मतदान गर्न पाउने छन् भने समूह "ख" अन्तर्गतका सर्वसाधारण शेयरधनीहरुबाट नियुक्त हुने संचालकहरुको निर्वाचनको हकमा सोही समूहका शेयरधनीहरुले मात्र भाग लिई मतदान गर्न पाउनेछन्। उपरोक्त व्यवस्था बमोजिम निर्वाचित/मनोनित संचालकहरुले आफू मध्येबाट बहुमतको आधारमा एक जना अध्यक्षको मनोनयन गर्ने छन्।

यस बैंकको नियमावलीमा व्यवस्था भए अनुसार बैंकको संचालक हुनका लागि यस बैंकको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ। यस्तो शेयर लिने ब्यक्तिले आफ्नो शेयर कुनै ब्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन। तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक बिशेषज्ञ संचालक तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा लगानी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले ब्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन।

नोटः यस बैंकको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुने व्यवस्था भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लागु भएपछि उक्त ऐनको दफा १४ अनुसार संचालकको संख्या कम्तीमा ५ जना र बढीमा ७ जना हुनु पर्ने प्राबधान बमोजिम बैंकको अगामी वार्षिक साधारण सभाले नियमावलीमा संशोधन गरी ७ जनाको संचालक समिति रहने गरी व्यवस्था गरिनेछ।

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

बैंकको चुक्ता कुल साधारण शेयर संख्या ५,१८,५२,२१६.८७ कित्ताको दश शेयर बराबर नयाँ चार शेयर (१० : ४) को अनुपातमा (अर्थात विद्यमान दश कित्ता साधारण शेयर बराबर नयाँ चार कित्ता साधारण शेयरका दरले) हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले भुक्तानी माग गर्ने गरी रु.२,०७,४०,८८,६७५/- शेयर पूँजी बराबर प्रति शेयर रु.१००/- अंकित दरका कुल २,०७,४०,८८६.७५ कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गरिएको छ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा बिक्री गरिने शेयरको हकप्रद निष्काशनको लागि आवेदन दिंदा कम्पनीको शेयर रजिष्ट्रारमा प्राप्त भई शेयरधनी दर्तापुस्तिकामा कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १० : ४ कित्ता (विद्यमान १० कित्ता शेयर बराबर नयाँ ४ कित्ता को दरले) को अनुपातमा हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन्। यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन। त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ। दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आवेदन गर्ने साधारण शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्तसाथ संलग्न भएको हुनुपर्नेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिइ शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोकेबमोजिम अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा बिक्री गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ।

१२. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने छैनन् तर आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयर आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन्।

१३. बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक					
	२०७०/७१	२०७१/७२	२०७२/७३		२०७३/७४ (अपरिष्कृत)	
	बैंक	बैंक	बैंक	एकीकृत	बैंक	एकीकृत
शेयर पूँजी	२,८८७,८४९,४२०	३,०८२,७७९,२५६	३,२१४,७९२,८८१	३,२१४,७९२,८८१	५,१८५,२२१,६८७	५,१८५,२२१,६८७
जगेडा तथा कोषहरु	१८०,४९०,८८६	२०५,३२१,९०२	२६०,०९०,३०६	२४९७२२५६५	१,४९३,५४८,०८०	१,४९३,२८१,८३३
नन कन्ट्रोलिङ इन्ट्रेस्ट	-	-	-	५६,९२३,८३६	-	११८,०७९,५०८
ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-
तिर्न बाँकी कर्जा सापटी	-	-	-	१०४७३९२	४०३,५००,०००	४०४,४२८,१५४
निक्षेप दायित्व	२२,०४९,२९५,२१२	२६,६५६,४२४,७४६	३१,५६४,०२३,१७१	३०,६६१,४६९,१९५	३४,११०,७४१,०१०	३४,१७७,८१५,६१४
भुक्तानी दिनु पर्ने बिलहरु	१४,०८६,२२८	१५,१२४,२३२	४,६३९,३६९	४,६३९,३६९	२२,७९१,६२१	२२,७९२,६२१
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	४०,४८३,८७०	१०,२५९,४६५	६,९४८,०८६	२३,५२७,०३३	-	-
आयकर दायित्व (खुद)	-	-	-	-	-	९,५६४,६००
अन्य दायित्व	२६१,८७०,२८७	४५३,६७६,२१९	२१८,४५८,४९८	५,५९९,५०५,९२३	५०३,७९०,७५८	६५७,९०५,३१२
कूल पूँजी तथा दायित्व	२५,४३४,०७५,९०३	३०,४२३,५८५,८२०	३५,२६८,९५२,३११	३९,८११,६२८,१९४	४१,७१९,५९३,१५५	४२,०६९,०८९,३३०

सम्पत्ति	वास्तविक					
	२०७०/७१	२०७१/७२	२०७२/७३		२०७३/७४ (अपरिष्कृत)	
	बैंक	बैंक	बैंक	एकीकृत	बैंक	एकीकृत
नगद मौज्दात	४९८,७७९,३१७	५६७,५२८,१०२	७६२,६६९,८७६	७६२,६६९,८७६	८४१,९६१,६३७	९८७,७७४,८०६
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३,४५०,२२०,२१५	१,९१७,९०३,१७२	२७,०९,१५०,६९२	२,७२१,२७८,६१२	३००४१६६८०५	३,००४,१६६,८०५
बैक/वित्तीय संस्थामा रहेको मौज्दात	३८८,०१८,७९५	५२२,०४३,८७०	७५९,९९२,६६०	५,२७२,६८२,३३४	६१६,८२०,८२१	६१६,८२०,८२१
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	२४५,०००,०००	२००,०००,०००	२००,०००,०००	-	-
लगानी	१,५३४,७८९,६०३	३,८५६,११७,९८९	४,५८४,३७२,८०८	४,५६५,८३०,६८८	६,५८३,४६४,२२७	६,५९३,७६६,६६४
कर्जा सापट तथा बिल खरिद	१८,६५७,९१०,९३०	२२,५३४,१९५,४८३	२५,४८५,५६०,५८१	२५,४८५,५६०,५८१	२९,४९०,०५८,८२३	२९,६२६,४६७,१८६
स्थिर सम्पत्ति	३६०,३५९,४४४	३१३,२४५,५८०	२६२,००,१९०	२७१,५३८,०२७	२७९,१६४,३६८	३०२,१८६,०४८
गैर बैंकिङ्ग सम्पत्ति (खुद)	-	-	-	-	-	-
अन्य सम्पत्ति	५४४,७१७,५९९	४६७,५५१,६२४	५०४,४०५,५०४	५३२,०६७,९९६	९०३,९५६,४७४	९३७,९०७,०००
कूल सम्पत्ति	२५,४३४,०७५,९०३	३०,४२३,५८५,८२०	३५,२६८,९५२,३११	३९,८११,६२८,१९४	४१,७१९,५९३,१५५	४२,०६९,०८९,३३०

पूँजी तथा दायित्व	२०७३/७४ (अपरिष्कृत)		प्रक्षेपित		
	एकीकृत	बैंक	२०७४/७५	२०७५/७६	२०७६/७७
शेयर पूँजी	५,१८५,२२१,६८७	५,१८५,२२१,६८७	८,०००,२७८,५४२	८,०००,२७८,५४२	८,०००,२७८,५४२
जगेडा तथा कोषहरु	१,४९३,२८१,८३३	१,४९३,५४८,०८०	१,०१२,२४०,०५३	१,२३०,३९१,८७९	१,४१६,३९५,७६७
नियन्त्रण नहुने स्वार्थ	११८,०७९,५०८	-	-	-	-
ऋणपत्र तथा बण्ड	-	-	-	-	-
तिर्न बाँकी कर्जा सापटी	४०४,४२८,१५४	४०३,५००,०००	४७६,१३०,०००	५६१,८३३,४००	६६२,९६३,४१२
निक्षेप दायित्व	३४,१७७,८१५,६१४	३४,११०,७४१,०१०	४२,६३८,४२६,२६३	५०,३१३,३४२,९९०	५९,३६९,७४४,७२८
भुक्तानी दिनु पर्ने बिलहरु	२२७९२६२०.८१	२२,७९१,६२१	२६,८९४,११३	३१,७३५,०५३	३७,४४७,३६२
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	८००,०२७,८५४	८८०,०३०,६४०	९६०,०३३,४२५
आयकर दायित्व (खुद)	९५६४६००.१५३	-	४५५,६८०,९३७	४७५,२०६,४३८	४९५,९१०,९१३
अन्य दायित्व	६५७,९०५,३१२	५०३,७९०,७५८	५९४,४७३,०९५	७०१,४७८,२५२	८२७,७४४,३३७
कूल पूँजी तथा दायित्व	४२,०६९,०८९,३३०	४१,७१९,५९३,१५५	५४,००४,१५०,८५६	६२,१९४,२९७,१९३	७१,७७०,५१८,४८७

सम्पत्ति	२०७३/७४ (अपरिष्कृत)		प्रक्षेपित		
	एकीकृत	बैंक	२०७४/७५	२०७५/७६	२०७६/७७
नगद मौज्दात	४,६०८,७६२,४३३	८४१,९६१,६३७	१,४१९,०८४,५६१	१,४८१,८३१,७८८	१,४५०,०१९,७८३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात		३,००४,१६६,८०५	४,९६६,७९५,९६२	४,९११,४३३,३९१	४,९६०,५९३,९९४
बैक/वित्तीय संस्थामा रहेको मौज्दात		६१६,८२०,८२१	१,२६१,४०८,४९८	१,१६९,८६७,२०१	१,०६८,४३५,६२९
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	२३६,५१४,०९३	१५५,९८२,२९३	१५२,६३३,६६१
लगानी	६,५९३,७६६,६६४	६,५८३,४६४,२२७	७,५७३,२१०,८४०	८,७११,४१९,४४५	१०,०२०,३५९,३४१
कर्जा सापट तथा बिल खरिद	२९,६२६,४६७,१८६	२९,४९०,०५८,८२३	३७,१५१,०५४,३०८	४४,०३६,३८५,६१३	५२,१७४,५७०,६७४
स्थिर सम्पत्ति	३०२,१८६,०४८	२७९,१६४,३६८	३२९,४१३,९५५	३८८,७०८,४६६	४५८,६७५,९९०
गैर बैंकिङ्ग सम्पत्ति (खुद)	-	-	-	-	-
अन्य सम्पत्ति	९३७,९०७,०००	९०३,९५६,४७४	१,०६६,६६८,६३९	१,२५८,६६८,९९४	१,४८५,२२९,४१३
कूल सम्पत्ति	४२,०६९,०८९,३३०	४१,७१९,५९३,१५५	५४,००४,१५०,८५६	६२,१९४,२९७,१९३	७१,७७०,५१८,४८७

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक					
	२०७०/७१	२०७१/७२	२०७२/७३		२०७३/७४ (अपरिष्कृत)	
	बैंक	बैंक	बैंक	एकीकृत	बैंक	एकीकृत
ब्याज आम्दानी	१,८६८,३६८,८३२	२,१९२,०२४,२८९	२,४०९,६७४,२१५	२,४३०,१६५,७०६	३,२०७,७०५,०९७	३,२७०,७७१,२९५
ब्याज खर्च	१,२५५,५९२,६०९	१,३४१,२७४,९०२	१,४१४,८१३,५७६	१,४१०,२९०,६९९	२,०८४,८६५,५१७	२,०८४,३०१,११४
खुद ब्याज आम्दानी	६१२,७७६,२२३	८५०,७४९,३८७	९९४,८६०,६३९	१,०१९,८७५,००७	१,१२२,८३९,५८०	१,१८६,४७०,१८२
कमिशन तथा डिस्काउण्ट	६३,३८०,७४१	५५,१५८,०६६	६७,९७६,४०८	७४,९५४,६८५	८६,७१७,३९२	८६,४३१,५३६
अन्य संचालन आम्दानी	५५,२३०,४१३	६५,५७७,८८४	८७,१९६,८७३	९३,९४५,२२५	११४,३०७,०३१	१४५,२५७,९१८
सटही घटबढ आम्दानी	५८,५११,११६	७२,२३३,१३७	८९,९६२,३५६	८९,९६२,३५६	९९,१०७,०६४	९९,१०७,०६४
कुल संचालन आम्दानी	७८९,९०७,२९२	१,०४३,७१८,४७४	१,२३९,९९६,२७६	१,२७८,७३७,२७३	१,४२२,९७१,०६८	१,५१७,२६६,७००
कर्मचारी खर्च	१५७,२५१,३३२	२०७,९३३,१२९	२४१,८१५,१६५	२५४,३८९,१७१	३३०,२४९,२६३	३५७,३१२,१९८
अन्य संचालन खर्च	२११,०७७,४७४	२६०,३५०,३६६	२६८,८८६,४१४	२७८,३६४,४७०	३०६,२४३,७९३	३३१,४७१,०९८
सटही घटबढ नोक्सान	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अधिको संचालन मुनाफा	४२१,५७८,४८६	५७५,४३४,९७९	७२९,२९४,६९७	७४५,९८३,६३२	७८६,४७८,०१२	८२८,४८४,४०४
सम्भावित नोक्सानी व्यवस्थाहरु	२७९,९६५,०३८	३८५,०४३,८१२	६९१,१८९,२९२	६९२,४०४,२९२	६७६,३८६,७२७	६८१,५८१,०००
संचालन मुनाफा/(नोक्सान)	१४१,६१३,४४९	१९०,३९१,१६७	३८,१०५,४०५	५३,५७९,३४१	११०,०९१,२८६	१४६,९०३,४०४
गैर संचालन आम्दानी/(नोक्सान)		१,७२२,५८४	४७४,२३३	५५१,२६२	८,८०१,५५५	८,९३८,७९६
सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	२३२,४५३,६७७	१७४,८५६,३९१	२०८,६५३,३६८	२८०,६५३,३६८	४३७,२९०,३४७	४३७,५०२,०००
नियमित कारोवारबाट भएको मुनाफा	३७४,०६७,१२६	३६६,९७०,१४२	३१९,२३३,००६	३३४,७८३,९७०	५५६,१८३,१८८	५९३,३४४,२०१
असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	(६००,०००)	(४,६५७,४१०)	(१६,४३०,१३०)	(१६,४३०,१३०)	(९९,०७०,७९७)	(९९,०७०,७९७)
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	३७३,४६७,१२६	३६२,३१२,७३२	३०२,८०२,८७६	३१८,३५३,८४०	४५७,११२,३९१	४९४,२७३,४०४
कर्मचारी बोनस व्यवस्था	३३,९५१,५५७	३२,९३७,५२१	२७,५२७,५३४	२८,९४१,२५८	४१,५५५,६७२	४४,९३३,९०८
आयकर ब्यवस्था	१०१,४१६,३१२	९९,३५४,८९५	८१,५४५,२२७	८५,४६६,४६८	७७,४४२,४०५	८७,००६,७२३
यस वर्षको	१००,४३०,२६९	९९,०२५,२२२	८८,९५४,१७०	९२,८२३,०८६	९७,९६३,९६६	-
विगत वर्षसम्मको	-	-	९६,१२४		-	-
स्थगन आम्दानी/(खर्च)	९८६,०४३	३२९,६७३	(७,४०८,९४३)	(७,४५२,७४१)	(२०,५२१,५६१)	-
शेयर अफ नन नन कन्ट्रोलिङ इन्ट्रेस्ट	-	-	५,००५,८३९		११,८६६,०१७	-
खुद मुनाफा/(नोक्सान)	२३८,०९९,२५७	२३०,०२०,३१६	१९३,७३०,११५	१९८,९४०,२७४	३३८,११४,३१३	३५०,४६५,७५५

विवरण	२०७३/७४ (अपरिष्कृत)		प्रक्षेपित		
	बैंक	एकीकृत	२०७४/७५	२०७५/७६	२०७६/७७
ब्याज आम्दानी	३,२०७,७०५,०९७	३,२७०,७७१,२९५	३,९३४,६१८,१०४	४,६२७,९९३,५६६	५,३९३,६५६,०६४
ब्याज खर्च	२,०८४,८६५,५१७	२,०८४,३०१,११४	२,२४२,५०५,३९५	२,६४४,६३७,४७७	३,१२१,०७६,६६३
खुद ब्याज आम्दानी	१,१२२,८३९,५८०	१,१८६,४७०,१८२	१,६९२,११२,७०९	१,९८२,५५६,०८९	२,२७२,५७९,४०१
कमिशन तथा डिस्काउण्ट	८६,७१७,३९२	८६,४३१,५३६	१४४,७५९,०५८	१६६,४४६,४२२	२००,८४७,३६२
अन्य संचालन आम्दानी	११४,३०७,०३१	१४५,२५७,९१८	१४८,५९९,१४२	१८५,७४८,९२७	२३२,१८६,१५९
सटही घटबढ आम्दानी	९९,१०७,०६४	९९,१०७,०६४	१२८,८३९,१८४	१६१,०४८,९८०	२०१,३११,२२४
कुल संचालन आम्दानी	१,४२२,९७१,०६८	१,५१७,२६६,७००	२,११४,३१०,०९३	२,४९५,८००,४१७	२,९०६,९२४,१४७
कर्मचारी खर्च	३३०,२४९,२६३	३५७,३१२,१९८	४१२,८११,५७९	४९५,३७३,९८५	५९४,४४८,६७३
अन्य संचालन खर्च	३०६,२४३,७९३	३३१,४७१,०९८	३८२,८०४,७४१	४५९,३६५,६९०	५५१,२३८,८२७
सटही घटबढ नोक्सान	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यवस्था अधिको संचालन मुनाफा	७८६,४७८,०१२	८२८,४८४,४०४	१,३१८,६९३,७७३	१,५४१,०६०,८३३	१,७६१,२३६,६४६
सम्भावित नोक्सानी	६७६,३८६,७२७	६८१,५८१,०००	(५९,३०५,६९४)	(६२,९३९,७५५)	(६०,७७४,७९०)
संचालन मुनाफा/(नोक्सान)	११०,०९१,२८६	१४६,९०३,४०४	१,२५९,३८८,०७९	१,४७८,१२१,०७८	१,७००,४६१,८५६
गैर संचालन आम्दानी/(नोक्सान)	८,८०१,५५५	८,९३८,७९६	११,४४२,०२२	१४,३०२,५२८	१७,८७८,१५९
सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	४३७,२९०,३४७	४३७,५०२,०००	४००,०००,०००	२५०,०००,०००	१००,०००,०००
नियमित कारोवारबाट भएको मुनाफा	५५६,१८३,१८८	५९३,३४४,२०१	१,६७०,८३०,१०१	१,७४२,४२३,६०५	१,८१८,३४०,०१६
असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	(९९,०७०,७९७)	(९९,०७०,७९७)	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	४५७,११२,३९१	४९४,२७३,४०४	१,६७०,८३०,१०१	१,७४२,४२३,६०५	१,८१८,३४०,०१६
कर्मचारी बोनस व्यवस्था	४१,५५५,६७२	४४,९३३,९०८	१५१,८९३,६४६	१५८,४०२,१४६	१६५,३०३,६३८
आयकर ब्यवस्था	७७,४४२,४०५	८७,००६,७२३	४५५,६८०,९३७	४७५,२०६,४३८	४९५,९१०,९१३
यस वर्षको आयकर व्यवस्था	९७,९६३,९६६	-	-	-	-
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-	-	-
यस वर्षको स्थगन कर खर्च/(आम्दानी)	(२०,५२१,५६१)	-	-	-	-
सहायक कम्पनीको नाफामा नियन्त्रण नहुने स्वार्थको हिस्सा	-	११,८६६,०१७	-	-	-
खुद मुनाफा/(नोक्सान)	३३८,११४,३१३	३५०,४६५,७५५	१,०६३,२५५,५१९	१,१०८,८१५,०२२	१,१५७,१२५,४६४

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.२०७०/७१	आ.ब.२०७१/७२	आ.ब.२०७२/७३	आ.ब.२०७३/७४	आ.ब.२०७४/७५	आ.ब.२०७५/७६	आ.ब.२०७६/७७
चुक्ता पूँजी	२,८८७,८४९	३,०८२,७७९	३,२१४,७९३	५,१८५,२२२	८,०००,२७९	८,०००,२७९	८,०००,२७९
जगेडा तथा कोषहरु	१८०,४९१	२०५,३२२	२६०,०९०	१,४९३,५४८	१,०१२,२४०	१,२३०,३९२	१,४१६,३९६
जम्मा	३,०६८,३४०	३,२८८,१०१	३,४७४,८८३	६,६७८,७७०	९,०१२,५१९	९,२३०,६७०	९,४१६,६७४
अपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवोर्थ	३,०६८,३४०	३,२८८,१०१	३,४७४,८८३	६,६७८,७७०	९,०१२,५१९	९,२३०,६७०	९,४१६,६७४
शेयर संख्या ('००० मा)	२८,८७८	३०,८२८	३२,१४८	५१,८५२	८०,००३	८०,००३	८०,००३
प्रति शेयर नेटवोर्थ (रु.)	१०६.२५	१०६.६६	१०८.०९	१२८.८०	११२.६५	११५.३८	११७.७०
नेटवोर्थमा प्रतिफल (%)	७७.६०	६९.९६	५५.७५	५०.६३	११७.९८	१२०.१२	१२२.८८
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००
प्रति शेयर आम्दानी (रु.)	८.२४	७.४६	६.०३	६.५२	१३.२९	१३.८६	१४.४६

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS)= ६.५२%

नोटः प्रक्षेपित वित्तीय विवरण बैंक स्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु चार्टर्ड एकाउण्टेण्टस् श्री जितेन्द्र बहादुर राजभण्डारीले प्रमाणित गर्नुभएको हो।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :

(क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेश र यी संस्थाहरुबीच उत्पन्न प्रतिस्पर्धाबाट हुनसक्ने सम्भावित जोखिमहरु।
(ख) बैंकबाट प्रदान गरिने दीर्घकालीन, मध्यकालीन, चालू पूँजी लगानी तथा प्रतीत-पत्र/जमानत-पत्र जारी गर्ने जस्ता गैर-वित्तीय सेवाहरु उपलब्ध गराउँदा हुनसक्ने सम्भावित जोखिमहरु।
(ग) नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार ब्याजदरमा हुने परिवर्तन तथा थपघटले उत्पन्न हुनसक्ने संभावित जोखिमहरु।
(घ) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक सम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने संभावित जोखिमहरु।
(ङ) देशको आर्थिक मौद्रिक तथा वित्तीय नीतिलगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्यासित परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु।
(च) विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने थपघट वा निक्षेपमा लिने वा दिने ब्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु।
(छ) निक्षेप तथा कर्जा लगानीमा ब्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरु।
(ज) यथासमयमा कर्जा असुली नभई उत्पन्न हुने आर्थिक जोखिमहरु।
(झ) कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुनसक्ने जोखिमहरु।
(ञ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
(ट) अन्तर्राष्ट्रिय स्तरमा विभिन्न मुलुकहरुले वैदेशिक ब्यापारमा अपनाउने नीति।

बैंकले कर्जा तथा सापट र लगानी खराब भई उत्पन्न हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा जोखिम व्यवस्था, लगानीमा सम्भावित हानी वापतको व्यवस्था, सटही घटवढ कोष जस्ता जोखिम व्यवस्था कोषहरुको व्यवस्था गरेको छ। बैंकले वित्त वजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ। यस बाहेकको व्यवसायिक जोखिमहरुबाट श्रृजना हुन सक्ने हानि-नोक्सानीको लागि ब्यबस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिवद्ध छ।

धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिमः

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेञ्जमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न बैंकले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ।

क) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तमुखी सेवाहरु प्रदान गर्ने छ।
ख) मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि बैंकले प्रभावकारी कर्जा अनुगमन नीति अवलम्वन गरेको छ।
ग) त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसार आधुनिक प्रविधि अपानाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको व्यहोरा अनुरोध छ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पुर्व वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताव बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
ख) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
ग) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रमा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ।
घ) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
ङ) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा सञ्चालक समितिले निर्णय गरे बमोजिम बाँडफाँड गरिनेछ।
च) यस हकप्रद निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैन।
छ) यस हकप्रद निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।
ज) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं.माग गरि तथा हितग्रही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ।
झ) आवेदन दिदाँ एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक(डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने।
ञ) आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नु पर्ने सम्पूर्ण विवरणहरु स्पष्ट रूपमाखुलाउनु पर्नेछ।
- धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।
- आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., सम्पर्क फोन नं., इमेल ठेगाना।
- नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
- खरिद गर्न चाहेको धितोपत्र संख्या (अंक र अक्षरमा)।
- खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।
- आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।

आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुँदैन।

१६. यस बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७१/०७२	३५५	२२४	२७०	११०५२
०७२/०७३	३४२	२३२	२५५	५७०९
०७३/०७४	३५४	२०६	२४६	१९२३५

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
श्रावण ०७४	२७२	२४२	२५२	५६०८६८
भदौ ०७४	२५२	२२०	२३०	४५२८१४
असोज ०७४	२३७	२१९	२३०	१७१३८३

नोटः बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि.ले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने।

१७. शेयर बाँडफाँड सम्बन्धी ब्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३" को नियम २१ ले निर्धारित गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र हकप्रद शेयरको बाँडफाँड गरी शेयर अभौतिकीकरण गरिसकेका तथा हकप्रद शेयर आवेदन फारममा हितग्राही खाता उल्लेख गरेका तथा हकप्रद शेयर प्राप्त गर्ने डिम्याट खाता भएका शेयधरनीहरुलाई निजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराइने व्यवस्था मिलाइनेछ। र भौतिक रुपमा हकप्रद शेयरको प्रमाणपत्र वितरण गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाडँफाँड निर्देशिका, २०७४", मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी ब्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गराई तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत धितोपत्र दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यवस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ। यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको देहायका ब्यवस्था अनुसार उक्त नियमावलीको अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

क. आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सकिने।
ख. मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने।
ग. हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनीत गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनीत हुन नपाइने तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनीतको रुपमा लिन सकिने।
घ. कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सकिने।
ङ. संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सीमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको।
च. प्रचलित कानून अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको हुनुपर्ने।
छ. हकप्रद शेयर बिक्री खुल्ला भएको अवधी भित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिने व्यवस्था गरिएको।
ज. मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बैंकले नियामक निकायले तोकेको देहायको शर्तको अधिनमा रहि हक हस्तान्तरण गर्न सकेछन भने २ प्रतिशत भन्दा माथि शेयर स्वामित्व भएकोको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिए मात्र हक हस्तान्तरण गर्न सकेछ।
ख) संस्थापक/संस्थापक समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ। यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिने। हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको हेरी सम्बन्धित बैंकले नै हक हस्तान्तरण गर्नसक्नेछ।
ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा राखिनेछ। सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test) पूरा गरेको हुनुपर्ने। सो का अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको हुनु नहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्ने।
घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ।
हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन बैंकमा पेश गर्नुपर्नेछ।
यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी बैंकले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनुपर्नेछ।
यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई बैंकले सूचना दिनुपर्नेछ। तत्पश्चात अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ।
ङ) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि बैंकका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बाहाल रहँदाको बखत वा त्यस्तो पद छाडेको एक वर्षसम्म यस बैंक वा यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनै व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन नहुने।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

क) नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई यही आ.व. २०७३/०७४ को असार मसान्तसम्ममा रु.८ अर्ब चुक्ता पूँजी पुऱ्याउनु पर्ने गरी निर्देशन जारी गरेको अवस्थामा सोही बमोजिम पूँजी वृद्धि गर्ने मुख्य उद्देश्यले बैंकले हाल हकप्रद शेयर जारी गर्न लागेको हो।
ख) बैंकले हाल देशका विभिन्न स्थानमा व्यापकरुपमा शाखा विस्तार गरिरहेको छ। सो अनुसार बैंकको व्यवसायमा पनि क्रमशः वृद्धि गर्दै लैजाने योजना रहेको र सोको लागि बैंकको पूँजी पनि सोही अनुसार सवल र पर्याप्त हुनुपर्ने भएकोले व्यवसाय विस्तारमा बलियो पूँजी आधार निर्माण गर्नु हकप्रद शेयर जारी गर्नुको अर्को उद्देश्य हो।
ग) बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
घ) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी जुटाउन।
ङ) बैंकको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पूँजीमा दश शेयर बराबर चार शेयर (१० : ४) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी बैंकलाई आवश्यक पर्ने पूँजी संकलन गर्ने।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछः

क्र.सं.	विवरण	रकम (रु.करोडमा)
१	तरलता/बैंक	८.४३
२	शाखा विस्तार तथा भौतिक पुर्वाधार निर्माण	२०.९१
३	शैक्षिक, सुन चाँदी कर्जा लगानी	१२.५१
४	घर कर्जा लगानी	१६.६७
५	हायरपर्चेज कर्जा लगानी	१९.४२
६	जलविद्युत क्षेत्रमा कर्जा लगानी	५२.८०
७	पर्यटन क्षेत्र कर्जा लगानी	१८.६३
८	घरेलु तथा साना उद्योग कर्जा लगानी	१२.४२
९	कृषि कर्जा लगानी	३७.२७
१०.	अन्य	८.३४
	जम्मा	२०७.४१

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१	सिभिल बैंक लिमिटेड, कमलादी, काठमाण्डौ।	००२१००२१००८०३८
२	लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ।	००५३४०१०७५७

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयर निष्काशन गर्दा हकप्रद शेयरका लागि आवेदन लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ। उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिनु पर्नेछ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री सिभिल बैंक लिमिटेड, प्रधान कार्यालय, कमलादी, काठमाण्डौ तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु।
२.	श्री लक्ष्मी क्यापिटल लिमिटेड, बानेश्वर, काठमाण्डौ।
३.	श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाण्डौ।
४.	आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा लक्ष्मी क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम नेपाल सरकार अन्तर्गतको हुलाक कार्यालयद्वारा लक्ष्मी क्यापिटल लिमिटेड, बानेश्वर, काठमाण्डौंमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।
दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ।

२५. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस बैंकको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले रु.४३,५२,७८,९००.०० /- भुक्तानी गरि सकेको व्यहोरा अनुरोध छ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्त फारामको नमूना

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
CIVIL BANK
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था
कमलादी, काठमाडौं, नेपाल, पो.व.नं.९७९९ (काठमाण्डौ), फोन नं. ९७७-१-४१६९०३०/४१६९०३३
Email: info@civilbank.com.np, URL: www.civilbank.com
को

मितिः २०७४ / /

हकप्रद शेयर खरीद दरखास्त फाराम

सि.नं.

मार्फतः लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
पो.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२, फ्याक्स नं. ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np

कोड नं. ☐☐☐

श्री संचालक समिति,
सिभिल बैंक लिमिटेड
कमलादी, काठमाडौं, नेपाल।

शेयरधनी नं./परिचय नं. ☐

हितग्राही खाता नं.	DP ID	Client ID

महाशय,

त्यस बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/८/०४ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस बैंकको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा बैंकले जारी गरेको दश शेयर बराबर चार शेयर (१० : ४) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा................कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं। त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.		हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.			
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं.	DP ID		
जम्मा				Client ID		

प्यान नं.		प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.	
अक्षरेपी रुपैयाँ			
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक			
	In English	Mr./Mrs./Miss/Minor			USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल		गा.वि.स./न.पा.		
Address	Ward/House No./Tole		VDC/Municipality		
जिल्ला		P.o Box No:/District	नागरिकता प्र.नं./जारी भएको जिल्ला		
District			Mobile/phone No.		
बाबुको नाम					
Father's Name					
बाजेको नाम					
Grandfather's/ Name					
पति/पत्नीको नाम					
Husband/Wife's Name					
संरक्षकको नाम (नावालकको हकमा)					
Guardian's Name (Incase of minor)					

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो। नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुबै उल्लेख गर्नुपर्नेछ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ।

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु।

- - - - - - - - - - - - - - - - - - - -

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फतः लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name				
Company's Name	CIVIL BANK LTD.			
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited
Amount in Words				

For Official Use Only:
Code No. ☐☐☐
Received by:
Date:
Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)

(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
पो.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२, फ्याक्स नं. ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np